मिति २०७८/११/२० को नगर कार्यापालिका बैठकका प्रस्तावहरु

१. वजेट रकमान्तर सम्बन्धमा ।

२. शितगंगा नगरपालिकाको अपाङ्गता व्यवस्थापन रणनीतिक योजना सम्बन्धमा ।

३. खोलाहरुको आईइइ स्वीकृत गर्ने सम्बन्धमा ।

४. युवा उद्यमशिलता कार्यक्रम सम्बन्धा ।

५. विभिन्न सिंचाइ योजना मर्मत सुधार ।

६. वाल विकास कार्यकर्ता पारिश्रमीक थप सम्वन्धमा ।

७. आन्तरिक श्रोत आय फिर्ता सम्बन्धमा ।

८. तारजाली तथा पाईप वितरण सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा नवौं नगरसभाबाट चालु खर्च तर्फ विनियोजन रकम मध्ये निम्न शिर्षकमा रहेको रकमबाट तपशिल बमोजिमको रकम भिकी पूजिगत लगायत तत्काल गर्नु पर्ने कार्यमा विनियोजन गर्ने निर्णय गरियो ।

चालु तर्फबाट रकम भिक्ने ( घटाउने ) शिर्षक

| सि.नं. | रकम भिक्ने शिर्षक | रकम |
|---|---|---|
| १ | पारिश्रमीक कर्मचारी (सं राजश्व) | ३०००००० |
| २ | पदाधिकारी पारिश्रमीक (सं राजश्व) | २०००००० |
| ३ | कर्मचारी तालिम (सं राजश्व) | १०००००० |
| ४ | शिप विकास तालिम गोष्ठी (सं राजश्व) | ८००००० |
| ५ | नगर शिक्षक ६ जना तलव (सं राजश्व) | १३००००० |
| ६ | विभिन्न स्थानमा थप भएका स्वास्थ्य इकाईहरुमा कार्यरत डाक्टर र थप कर्मचारीको तलव करार सम्भौता बमोजिम (आन्तरिक श्रोत) | ४५००००० |
| ७ | पर्यटन पर्वद्धनका लागि न.पा.का कर्मचारीहरुलाई पर्यटन भत्ता (आन्तरिक श्रोत) | १५००००० |
| ८ | औषधी खरिद (सं राजश्व) | १०००००० |
| | जम्मा | १५१००००० |

माथि उल्लेखित भिकिएको शिर्षकको रकमबाट निम्न बमोजिमका योजना तथा कार्यक्रमहरु संचालन गर्ने

| सि.नं. | रकम भिक्ने शिर्षक | रकम | श्रोत |
|---|---|---|---|
| १ | खरको छाना विस्थापन कार्यक्रम (जस्ता पाताले छाउने कार्य) आन्तिरिक श्रोत तर्फ बाट रु ६० लाख र संघीय रा. रु २० लाख) | ८०००००० | आन्तरिक /सं. रा |

| | | | |
|---|---|---|---|
| २ | गम्भीर प्रकृतिका विरामी औषधी उपचार सहयोग र आगलागी सहयोग | ८५०००० | सं.राजश्व |
| ३ | पहिरो पिडीतहरुको घर निर्माण गर्दा नपाले १५ प्रतिशतले म्याचिङ्ग गर्न | १६००००० | सं.राजश्व |
| ४ | उपमेयरकप क्रिकेट संचालन | १५०००० | सं.राजश्व |
| ५ | बाल विकास कार्यकर्ता ४ महिनाको पारिश्रमिक थप | ३०००००० | सं.राजश्व |
| ६ | मन्द्रे जाडीखर्क मो.वा.वडा नं १ | १००००० | सं.राजश्व |
| ७ | निपाने पातालटोल सिवालय मन्दिर वडा नं. २ | १००००० | सं.राजश्व |
| ८ | सामुदायिक स्वास्थ्य संस्था व्यवस्थापन भेडामारे वडा नं. ४ | १००००० | सं.राजश्व |
| ९ | हरि मा.वि. खिमेडाडा मो.वा. वडा नं ५ | १००००० | सं.राजश्व |
| १० | रत्ने खोला कलमकोट सिंचाई योजना शिनपा ६ | १००००० | सं.राजश्व |
| ११ | जनजागृती आ.वि.गेट निर्माण (निर्माणाधिनमा नपुग थप) वडा नं. ७ | १००००० | सं.राजश्व |
| १२ | तल्ला छहरे खैरेनी मो.वा. वडा नं. ९ | १००००० | सं.राजश्व |
| १३ | फेदी ढोडेनी मो.वा. वडा नं. १० | १००००० | सं.राजश्व |
| १४ | वडा कार्यालय जाने बाटो निर्माण वडा नं. ११ | १००००० | सं.राजश्व |
| १५ | पिरापानी मो.वा. वडा नं १२ | १००००० | सं.राजश्व |
| १६ | दरवारे आ.वि.वडा नं. १२ | १००००० | सं.राजश्व |
| १७ | वडा कार्यालय भवन ट्रष्ट निर्माण वडा नं १३ | १००००० | सं.राजश्व |
| १८ | सिमलपानी स्वस्थ्य चौकी ल्याव स्थापना र संचालन अनुदान वडा नं. १३ | १००००० | सं.राजश्व |
| १९ | खोरमोर मो.वा. वडा नं. १४ | १००००० | सं.राजश्व |
| २० | एचडिपी पाईप खरिद वडा नं. ३ | १००००० | सं.राजश्व |
| | जम्मा | १५१००००० | |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको अपाङ्गता व्यवस्थापन रणनीतिक योजना केही संसोधन सहित स्वीकृत गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्र पर्ने तपशिल बमोजिमका खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकी गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्बन्धि कार्य गर्न यस कार्यालय र लुम्बिनी सामाजिक विकास केन्द्र अर्घाखाँची विच भएको सम्झौता बमोजिम अध्ययन गरी सो केन्द्रले पेश गरेका प्रतिवेदनहरु अध्ययन, विश्लेषण तथा पुनरावलोकन गर्ने प्रयोजनका लागि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ बमोजिम गठीत प्राविधिक समितिबाट निम्न खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनहरु

स्वीकृतीको लागि सिफारिस भई आएकोले उक्त प्राविधिक समितिको सिफारिस समेतका आधारमा प्रतिवेदनमा उल्लेख भएबमोजिमका शर्त समेत पालना गर्ने गरी कार्य गर्न तपशिल बमोजिमका खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| क.सं. | नदी खोलाको नाम/स्थान |
|---|---|
| १. | सिलिङ्ग खोला शिनपा ८ र ९ :- सिलिङ्ग खोला राप्ती दोभान देखि तिनखण्डे हुदै कात्तिके सम्म |
| २. | सुकवेल खोला शिनपा ११ :- सुकवेल खोला शिनपा क्षेत्र |
| ३. | बहवेल गन्धैला खोला शिनपा ११ :- बहवेल र गन्धैला खोला शिनपा क्षेत्र |
| ४. | सुरई गनेरी खोला शिनपा ११ :- सुरही गनेरी खोला शिनपा क्षेत्र |
| ५. | चोर खोला शिनपा ११ :- चोर खोला शिनपा क्षेत्र |
| ६. | मुसियान खोला शिनपा १३ :- मुसियान खोला शिनपा क्षेत्र |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नवौं नगरसभाबाट युवा उद्यमशिलता कार्यक्रम शिर्षकमा रु ५०००००।- रहेकोमा सो रकमबाट युवाहरुको लागि खेलकुद संचालन गर्न प्रत्येक वडालाई रु ३५०००।- का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नवौ नगरसभाबाट विभिन्न सिंचाई योजना निर्माण तथा मर्मत सुधार भनि संघीय समानिकरण अनुदान तर्फको रकमबाट रु २००००००।- वजेट विनियोजन गरेकोमा सो रकमबाट निम्न सिंचाई योजना निर्माण तथा मर्मत सुधार गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | रकम झिक्ने शिर्षक | रकम |
|---|---|---|
| १ | बगालेपानी मालारानी ठूलाखेत सिंचाई योजना वडा नं. १ | १००००० |
| २ | सिमलचौर जुकेटारी सिंचाइ योजना वडा नं २ | १००००० |
| ३ | थामकोट सिंचाई योजना वडा नं. ४ | १००००० |
| ४ | फलाटे भाविन सिंचाई योजना वडा नं. ४ | १००००० |
| ५ | बफ्रेङ्गखोला सेरा सिंचाई वडा नं. ५ | १००००० |
| ६ | कोइवाङ्ग सिंचाई योजना वडा नं. ६ | १००००० |
| ७ | गोल्डुङ्ग खमारी मो.वा. वडा नं. ६ | १००००० |
| ८ | चौवा सिंचाई योजना वडा नं. ७ | १००००० |
| ९ | फुर्सा सिंचाई योजना वडा नं. ७ | १००००० |
| १० | बान्द्रे सिंचाई योजना वडा नं ८ | १००००० |

| | | |
|---|---|---|
| ११ | वनेलटोल सिंचाई योजना वडा नं. ८ | १००००० |
| १२ | असारे सिंचाई योजना वडा नं. ९ | १००००० |
| १३ | सिस्ने सिंचाई योजना वडा नं. ९ | १००००० |
| १४ | बाटुले काठेखाला सिंचाई वडा नं. १० | १००००० |
| १५ | बाके सिंचाई योजना वडा नं. ११ | १००००० |
| १६ | रजिया लिफ्ट सिंचाई योजना वडा नं १२ | १००००० |
| १७ | गोव्रेपानी सिंचाई योजना वडा नं. १३ | १००००० |
| १८ | नेपाली टोल सिंचाई योजना वडा नं १४ | २००००० |
| १९ | ढाव सिंचाई योजना वडा नं. १४ | १००००० |
| | जम्मा | २०००००० |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नवौ नगरसभाबाट प्रारम्भिक बाल विकास केन्द्रका बाल विकास कार्यकर्ताहरुलाई नेपाल सरकारले प्रदान गरेको पारिश्रमिकमा नगरपालिकाले मासिक रु २०००।- थप गरेको सन्दर्भमा मिति २०७८ साल चैत्र महिना देखि मासिक रु ५०००।- समेत थप गरी मिति २०७८ साल चैत्र महिना देखि नेपाल सरकारले उपलब्ध गराएको मासिक पारिश्रमिकमा नगरपालिकाको तर्फबाट मासिक जम्मा रु ७०००।- पारिश्रमिक थप गरी नेपाल सरकार र नगरपालिकाको थप समेत गरी जम्मा रु १५०००।- का दरले बाल विकास कार्यकर्ताको मासिक पारिश्रमिक दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ९ मा पर्ने रङ्गसिङ्ग खोलाको बेलदमार पुच्छार देखि खारघाट गाउको पुच्छार सम्मको क्षेत्रको नदीजन्य पदार्थको ठेक्का व्यवस्था भई पूरै रकम दाखिला गरेको सन्दर्भमा नगरपालिकाले सम्बन्धित प्रभावित क्षेत्रको विकासका लागि १० प्रतिशत रकम दिर्दै आएकोमा उक्त क्षेत्रको नदीजन्य पदार्थ ठेक्काको कार्यको लागि सम्झौता बमोजिमको रु ३९८६०००।- दाखिला गरेकोले आय फिर्ता अर्न्तगत सो रकमबाट जनता आ.वि.नयाँवस्ती भवन निर्माण वडा नं. ९ को लागि रु ४०००००।- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाले चालु आ.व.को कार्यक्रम बमोजिम तारजाली र विभिन्न खानेपानी योजना मर्मत सुधारको लागि विभिन्न साईजको एचडिपी पाईप खरिद गरेकोमा साईज मिलाई तारजाली प्रति वडा ७ थान का दरले र एचडिपी पाईप साईज मिलाई प्रतिवडा १००० मीटर दिने । साथै बाँकी रहेको पाईप मध्ये सोही बमोजिम कार्यपालिकाका अन्य सदस्यहरुको सिफारिसमा नगर प्रमुखले १००० मी प्रति सदस्य दिने र बाँकी पाईप तथा जाली गत विगतमा जस्तै उप प्रमुख र प्रमुखले आवश्यक्ताको आधारमा आपसी समझदारीमा वितरण गर्ने निर्णय गरियो ।